# खरिदार/नासु प्रथम पत्र

## Set-3

**१. गोपाल वंशको शासनको केन्द्र कहाँ रहेको थियो?**

(A) राजतीर्थ (B) मातातिर्थ (C) भक्तपुर (D) नुवाकोट

**२. नेपालको प्रथम महिला राजदूत तलका मध्य कुन ठिक हो?**

(A) सोनी राणा (B) अम्बिका प्रधान
(C) विन्देश्वरी शाह (D) सुशिला सिंह

**३. देहाएको कठनमा कुन ठीक हो?**

1) प्रजा जाति भन्नाले चेपाङ जातिलाई जनाउँछ।

2) जिरेल जातिको पुरोहितलाई ङोपा भनिन्छ ।

A) 2 मात्र ठीक (B) १ र २ दुवै बेठीक
(C) 1 र 2 दुवै ठीक (D) १ मात्र ठीक

**४. तलको भनाईहरू अध्ययन गरी सही विकल्प रोज्नुहोस्।**

1) शिख धर्मको पवित्र धार्मिक ग्रन्थ गुरुग्रन्थ साहिब हो।

2) इस्लाम धर्ममा 1 महिनासम्म रोजा बसी ईदपर्व मनाइन्छ।

3) बौद्ध धर्मको स्थापना सिद्धार्थ गौतमले गरेका हुन्।

4) सन धर्म प्रवर्तक गुरु नानक हुन्।

(A) 1, 2 ठीक, 3, 4 बेठीक (B) 1, 3 ठीक, 2, 4 बेठीक
(C) 1, 2, 3 ठीक, 4 बेठीक (D) 1, 2, 3, 4 सबै ठीक

**५. नेपालको आर्थिक विकासका मुख्य चुनौती अन्तर्गत तलका मध्ये कुन पर्दछ?**

**(1) राजनीतिक अस्थिरता**

**(2) विप्रेषणमा उच्च निर्भरता**

**(3) प्राकृतिक स्रोतको अभाव**

(A) 1 र 3 मात्र (B) 2 र 3 मात्र (C) 1 र 2 मात्र (D) 1, 2 र 3 सबै

**६. तलका कथन अध्ययन गरी सही उत्तर छान्नुहोस् ।**

**1) बालाजु औधोगिक क्षेत्रको स्थापना वि.स.२०१६ सालमा भएको हो ।**

**2) बुटवल औधोगिक क्षेत्रको स्थापना वि.स.२०३२ सालमा भएको हो ।**

(A)1 ठीक 2 बेठीक (B) 1 बेठीक 2 ठीक

(C) 1 र 2 दुवै बेठीक (D) 1 र 2 दुवै ठीक

**७. तलका भनाइ अध्ययन गररी सही विकल्प छान्नुहोस् ।**

**a)फोटोमिटर प्रकाशको तिब्रता(Intensity of Light) नाप्ने यन्त्र हो।**

**b)अल्टिमिटर उचाइ नाप्ने उपकरण हो ।**

**c)हाइग्रोमिटर वायुको आद्रता नाप्ने यन्त्र हो ।**

(A) a र b ठीक (B) a र c ठीक

(C) b र c ठीक (D) a, b र c सबै ठीक

**८. आर्थिक वर्ष 2080/81 मा नेपालको कुल ग्रार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कति प्रतिशत रहेको छ ?**

(A) 13 (B) 24 (C) 66 (D) 42

**९.सरकारी तथ्यांक अनुसार 2080/81 मा नेपालमा कति पर्यटकले भ्रमण गरेका थिए ?**

(A) 828284 (B) 928284 (C) 1128284 (D) 1528284

# खरिदार/नासु प्रथम पत्र

**१०. पारिस्थितिक प्रणालीका प्रमुख जैविक तत्वहरू तलका मध्ये कुन होइन?**

(A) उत्पादक (B) परिपोषक जीव (C) विच्छेदक (D) उपभोक्ता

**११. यदि कुनै कर्मचारीले निर्देशन पालना गर्न बारम्बार असफल हुन्छ भने, निम्नमध्ये कुन उपाए प्रभावकारी हुन सक्छ ?**


(A) कर्मचारीलाई निर्देशनहरू स्पष्ट रूपमा बुझाउने ।

(B) निर्देशन उल्लघंन गर्दा कठोर दण्ड दिने ।

(C) निर्देशन परिवर्तन गर्ने ।

(D) कर्मचारीलाई स्वतन्त्र रूपमा निर्णय गर्न दिने ।

**१२. तल दिइएको चित्रमा कुन अक्षरको विपरीततर्फ रहेको अक्षरको दुई स्थान दायाँतर्फ रहेको अक्षरको विपरीततर्फ रहेको अक्षरको ठीक बायाँतर्फ रहेको अक्षरको दायाँतर्फको दोस्रो स्थानमा रहेको अक्षरको विपरीततर्फ अक्षर R रहेको छ ?**




(A) Y (B) X (C) U (D) V

१३. 17 मा 19 जोडी आएको योगफलबाट 6 ले भाग गरी आएको भागफललाई 2 ले गुणन गर्दा आउने नतिजा कति हुन्छ ?

(A) 9 (B) 10 (C) 11 (D) 12

१४. A र B मिलेर कुनै काम 30 दिनमा सक्छन् । उक्त काम B र C ले 24 दिनमा र C र A ले 20 दिनमा पूरा गर्न सक्छन् । उनीहरू सबै मिलेर 10 दिन काम गरेछन् र B र C ले छोडेछन् भने अब A एक्लैले उक्त बाकी काम कति दिनमा पूरा गर्न सक्छ ?

(A) 18 (B) 24 (C) 30 (D) 36

१५. यदि कुनै कोड भाषामा WHITE = 11 र BORD = 9 हुन्छ भने WHITEBORD = कति होला ?


(A) 21 (B) 20 (C) 19 (D) 18

१६. यदि कुनै कोड भाषामा VISHWANATHAN लाई NAAWTHHSANITY लेखिएको छ । त्यो कोडमा KARUNAKARANA कसरी लेखिन्छ?


A) AKNUARRANAK (B) KANARAURNAAK

(C) NKKRANKRAUK (D) RURNKAAUNAK

१७. दिएका मध्ये कुन चित्रले धनुषा, सर्लाही र रौतहतवीचको सम्बन्धलाई जनाउँछ ?



**१८. तल दिएको चित्रमा त्रिभुजको सङ्ख्या पत्ता लगाउनुहोस् ।**



(A) 22 (B) 23 (C) 19 (D) 20

**१९. हर्क आफ्नो घरबाट 2 कि.मि. पूर्वतिर गई देब्रेतिर फर्केर 1 कि.मि. हिडी पश्चिम तर्फ फर्की 3 कि.मि. हिड्छ भने अहिले ऊ आफ्नो घरबाट कुन दिशामा हुन्छ ?**

(A) पूर्व (B) पश्चिम (C) उत्तर पश्चिम (D) दक्षिण पश्चिम

**२०. एक जना मानिस उत्तर तर्फ 2 कि.मि. हिड्छ त्यसपछि ऊ पूर्वतर्फ फर्कन्छ र 10 कि.मि. हिड्छ । त्यसपछि उत्तर तिर घुम्छ र 3 कि.मि. हिड्छ । फेरि, पूर्वतर्फ फर्केर 2 कि.मि. हिड्छ । अहिले ऊ सुरूको बिन्दुबाट कति टाढा छ ?**

(A) 10 कि.मि. (B) 13 कि.मि. (C) 15 कि.मि. (D) 18 कि. मि.

**२१. राष्ट्रिय जनगणना, २०७८ अनुसार थोरै देखि धेरै जनसंख्या भएको जिल्लाको क्रम कुन सही छ ?**

(A) डोल्पा, मुस्ताङ, हुम्ला, रसुवा (B) मुस्ताङ, डोल्पा, हुम्ला, रसुवा

(C) मुस्ताङ, डोल्पा, रसुवा, हुम्ला (D) डोल्पा, रसुवा, मुस्ताङ, हुम्ला

**२२. दिगो विकाससँग सम्बन्धित निम्न कठनहरू अध्ययन गरी सही विकल्प छनोट गर्नुहोस् ।**

**a) दिगो विकास सम्बन्धि अवधारणालाई नेपालको नवौ योजनाबाट समाबेश गर्न थालिएको हो ।**

**b)दिगो विकासको लक्ष्य नं. ४ गुणस्तरीय शिक्षासँग सम्बन्धित छ।**

(A) a मात्र ठीक (B) b मात्र ठीक

(C) a र b दुवै ठीक (D) a र b दुवै बेठीक

**२३. मानव मुटुमा कतिवटा भल्भ हुन्छन् ?**

(A) 1 (B) 4 (C) 12 (D) 16

**२४. कोशिका(Cells) सम्बन्धि अध्ययन गर्ने विज्ञानलाई के भनिन्छ?**

(A) Astrology (B) Zoology (C) Cytology (D) Psychiatry

**२५. ASEAN राष्ट्र म्यानमारको मुद्रालाई के भनिन्छ ?**

(A) किप (B) क्याट (C) पेसो (D) डोङ

**२६. संयुक्त राष्ट्र संघको झण्डामा रहेको जैतुनको हाँगोलाई के को प्रतिकको रूपमा लिइन्छ ?**

(A) समृदि (B) विश्व बन्धुत्व (C) शान्ति (D) सहकार्य र एकता

**२७. UN ले सन् 2025 लाई कुन अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गरेको छ ?**

(A) अन्तर्राष्ट्रिय कोदो प्रवर्द्वन वर्ष(International Millet Promotion Year)

(B)अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्ष(International Year of the Glacier's Preservation)

(C)अन्तर्राष्ट्रिय जैविक विविधता वर्ष(International Biodiversity Year)

(D)अन्तर्राष्ट्रिय ऊँट वर्ष(International Camel Year)

**२८. तल दिइएको मध्ये Nanotechnologies सँग सम्बन्धित कुन हो?**

**1) Sport Equipments**

**2) Computers**

(A) 1 मात्र ठीक (B) 2 मात्र ठीक (C) दुवै ठीक (D) दुवै बेठीक

**२९. संयुक्त राष्ट्र अमेरिकाको 44 औं राष्ट्रपति को हुन?**

(A) George W. Bush (B) Donald Trum

(C) Barack Obama (D) Joe Biden

**३०. सन् 2025 मा दक्षिण एसियाली किसान सम्मेलन कहाँ सम्पन्न भएको थियो?**

(A) नेपाल (B) वंगलादेश (C) श्रीलंका (D) अफगानिस्तान

**३१. सौर्यमण्डलमा रहेका तल उल्लेखित ग्रहहरू सानोबाट ठूलो क्रममा कुन ठीक छ ?**

**1) बुध 2) शुक्र 3) पृथ्वी 4) मंगल 5) अरूण**

(A) 1, 2, 4, 3, 5 (B) 1, 2, 3, 4, 5

(C) 1, 4, 2, 3, 5 (D) 1, 4, 3, 2, 5

**३२. खग्रास सूर्यग्रहण बढीमा कति समयसम्म रहन्छ ?**

(A) आठ मिनेट (B) छ मिनेट (C)चार मिनेट (D)दुई मिनेट

**३३. विभिन्न भौगोलिक उपनाम र सो सँग सम्बन्धित ठाउँबीच जोडा मिलाई सही विकल्प छान्नुहोस् ।**

| **भौगोलिक उपनाम** | **ठाउँ** |
|---|---|
| **a) नाइलको उपहार** | **1) जेरूसेलम** |
| **b)सेतो हात्तीको देश** | **2) क्युवा** |

c) चिनीको भाँडो 3) थाइल्यान्ड

d)आशुको ढोका 4) इजिप्ट

(A) a-2, b-3, c-4, d-1 (B) a-4, b-3, c-2, d-1

(C) a-3, b-2, c-4, d-1 (C) a-1, b-2, c-3, d-4

**३४. पृथ्वीको सतहदेखि कति कि.मि. माथिसम्म वायुमण्डल फैलिएको छ?**

(A) 690 कि.मि. (B) 780 कि.मि (C) 860 कि.मि. (D) 960 कि.मि.

**३५. तल दिइएको राजा र सम्बद्व घटना बीच जोडा मिलाई सही विकल्प छान्नुहोस् ।**

| राजा | घटना |
|---|---|
| a)महेन्द्र मल्ल | 1)हरिसिद्विको नाच हेर्दाहेर्दै मर्ने राजा |
| b)सुपुष्प देव | 2)मच्छिन्द्रनाथको भोटो देखाउने जात्रा चलन चलाउने राजा |
| c)प्रताप मल्ल | 3)पशुपतिनाथको देवल बनाउने राजा |
| d)नरेन्द्र देव | 4) प्रजा मर्दा छाक छोड्ने राजा |

(A) a-3, b-4, c-2, d-1 (B) a-4, b-3, c-2, d-1

(C) a-4, b-3, c-1, d-2 (D) a-2, b-3, c-4, d-1

**३६. विश्वको प्रमुख क्रान्ति र क्रान्ति भएको मितिबीच जोडा मिलाई सही उत्तर छान्नुहोस् ।**

| क्रान्ति | क्रान्ति भएको मिति |
|---|---|
| a)औधोगिक क्रान्ति | 1) सन् 1789-1799 |
| b)फ्रान्सेली क्रान्ति | 2) 18औं शताब्दी |
| c)अमेरिकी क्रान्ति | 3) सन् 1775-1783 |
| d)रूसी क्रान्ति | 4) सन् 1917 |

(A) a-2, b-1, c-3, d-4 (B) a-1, b-2, c-3, d-4
(C) a-3, b-4, c-1, d-2 (D) a-1, b-3, c-4, d-2

**३७. नूनखानी पाइने थाक खोला नेपालको कुन जिल्लामा पर्दछ ?**

(A) मनाङ (B) दैलेख (C) मुस्ताङ (D) हुम्ला

**३८. औधोगिक क्रान्तिको सुरूवात सर्वप्रथम कुन क्षेत्रबाट सुरू भएको थियो ?**

(A) हतियार उत्पादन (B) खाद्यान्न उत्पादन
(C) कपडा उत्पादन (D) भाँडाकुँडा उत्पादन

**३९. दोस्रो विश्वयुद्धको सन्दर्भमा देहायका कठनहरू पढी उपयुक्त विकल्प छान्नुहोस् ।**

**a)दोस्रो विश्वयुद्ध 1939 अक्टोबर देखि सुरू भएको थियो ।**

**b)इटाली, जापान, जर्मनीको सैनिक गुटलाई Axis-Power भनिन्थ्यो।**

**c)दोस्रो विश्वयुद्ध हुनुको कारण पेरिस र भर्सालिजको सन्धिलाई पनि मानिन्छ ।**

(A) a र b ठीक (B) a र c ठीक
(C) b र c ठीक (D) a, b र c सबै ठीक

**४०. नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रूपमा कहिले घोषणा गरिएको हो ?**


(A) 2065 जेठ 15 (B) 2063 जेठ 4
(C) 2052 फाणुन 1 (D) 2047 चैत 26

**४१. तलको प्रश्नमा दिएको प्रश्नवाचक चिन्ह(?) रहेको स्थानमा उपयुक्त विकल्प छनौट गर्नुहोस् ।**

**7, 12, 22, 42, 82, ?**

(A) 143 (B) 173 (C) 162 (D) 183

**४२. तलको कुन चित्रले प्रश्नवाचक चिन्ह(?) को ठाउँ पूरा गर्छ ?**




**४३. तलको कुन शब्द अरूसँग सम्बन्धित छैन?**

(A) ईल (B) लबस्टर (C) गँगटो (D) झिंगा

**४४. अरूभन्दा फरक कुन छ?**

(A) Calendar (B) Year (C) Date (D) Month

**४५. मूल जोडिमा उल्लेख गरिएको जस्तै सम्बन्धलाई सबैभन्दा सही रूपमा व्यक्त गर्ने शब्दहरूको जोडी छान्नुहोस् ।**

**अन्वेषण गर्नुहोस् : पत्ता लगाउनुहोस्**

(A) सोच्नुहोस् : सम्बन्ध बनाउनुहोस् (B) अनुसन्धान : सिकाइ

(C) अनुसरण गर्नुहोस् : स्किम गर्नुहोस् (D) लेखाइ : छपाइ

**४६. निम्न प्रश्नचिन्ह(?) लाई विस्थापित गर्ने विकल्प रोज्नुहोस ।**

**REASON : SFBTPO :: THINK : ?**

(A) SGHMJ (B) UIJOL (C) UHNKI (D) UJKPM

४७. दिइएको शब्दहरूलाई अंग्रेजी वर्णानुक्रम अनुसार मिलाउँदा बीच स्थानमा आउने शब्द कुन हो ?

1)General 2)Gesture 3)Gental 4)Genuine 5)Generous

(A) 5 (B) 2 (C) 4 (D) 3

४८. देहाय बमोजिमका नामहरूलाई वर्णानुक्रम फाइलिङ्ग पद्वति अनुसार मिलाएर एउटा सूची तयार गरिएको छ । यदि उक्त सूचीमा प्रनिशा राईको नाम थप गर्नुपर्यो भने प्रनिशा राई उक्त सूचीमा कति औं स्थानमा रहन्छ ?

**1) प्रतिक्षा अधिकारी 2) प्रमिला शाक्य 3) प्रविना जोशी 4) प्रतिमा साह 5) प्रकृति शर्मा**

(A) दोस्रो (B) तेस्रो (C) चौथो (D) पाँचौ

४९. निम्नलिखित सूचनालाई विचार गर्नुहोस् र प्रतिलिपी सूचनालाई यसको मूल सूचनासँग तुलना गर्नुहोस् । प्रतिलिपी सूचनामा त्रुटीहरू हुन पनि सक्छन् वा नहुन पनि सक्छन् । यदि दुई सङ्ख्या वा अक्षरहरूको क्रम फरक हुन्छ भने एउटा त्रुटी गणना गर्नुपर्नेछ ।

मुल (Original) सूचना

| Yearly Staff Total | |
|---|---|
| 2015 | 543 |
| 2016 | 334 |
| 2017 | 443 |
| 2018 | 554 |
| 2019 | 445 |
| 2020 | 545 |
| 2021 | 343 |

प्रतिलिपि (Copy) सूचना

| Yearly Staff Total | |
|---|---|
| 2015 | 543 |
| 2016 | 334 |
| 2017 | 443 |
| 2018 | 455 |
| 2019 | 445 |
| 2020 | 545 |
| 2012 | 343 |

(A) 1 (B) 2 (C) 3 (D) 4

# खरिदार/नासु प्रथम पत्र

**५०. निम्नलिखित सूचनालाई विचार गर्नुहोस् र प्रतिलिपी सूचनालाई यसको मूल सूचनासँग तुलना गर्दा प्रतिलिपी सूचनामा भएको त्रुटिको सङ्ख्या कति छ ? पत्ता लगाउनुहोस् ।**

| मूल (Original) टेलिफोन निर्देशिका | |
|---|---|
| A | B |
| अक्षय, व्रजेश, 8795<br>आदित्य, निकिता, 5963<br>अशोक, मिथिलेश, 8758 | बलराम, इरा, 5871<br>व्रह्मा, माया, 5289<br>बिन्नी, ललित, 5478 |

| प्रतिलिपि (Copy) टेलिफोन निर्देशिका | |
|---|---|
| A | B |
| अक्षय, व्रजेश, 8795<br>आदित्य, निकित, 5963<br>अशोक, मिथिलेश, 8757 | बलरम, इरा, 5871<br>व्रह्मा, माया, 5289<br>बिन्नी, ललित, 5478 |

(A) 1 (B) 2 (C) 3 (D) 4

## *Answer Key*

| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| B | C | D | C | C | D | D | A | C | B | A | A | D | A | C | | D | A | C | B |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 | 32 | 33 | 34 | 35 | 36 | 37 | 38 | 39 | 40 |
| C | B | B | C | B | C | B | B | C | A | C | A | D | D | C | A | C | C | C | A |
| 41 | 42 | 43 | 44 | 45 | 46 | 47 | 48 | 49 | 50 | | | | | | | | | | |
| C | A | D | A | B | B | D | C | B | C | | | | | | | | | | |

**---------------------समाप्त---------------------**